# सर्वोच्च अदालत, संयुक्त इजलास

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**आदेश**

**रिट नं. ०७३-WO-१०४८**

**मुद्दा :- उत्प्रेषणयुक्त परमादेश समेत ।**

| | |
|---|---|
| नारायण सुवेदीको नाती टिका प्रसाद सुवेदीको छोरा काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. १३ कपन बस्ने वर्ष ५२ को अरुण कुमार सुवेदी..............१ | निवेदक पक्ष |
| विरुद्ध | |
| श्री उच्च अदालत पाटन, हेटौंडा इजलास ....................................................१<br>श्री मकवानपुर जिल्ला अदालत, हेटौंडा........................................................१<br>उपेन्द्रध्वज कार्कीको छोरा जिल्ला मकवानपुर, हेटौंडा नगरपालिका वडा नं. १० बस्ने वर्ष ७४ को देवीध्वज कार्की......................................................................१ | विपक्षी प्रत्यर्थी |

नेपालको संविधान, २०७२ को धारा ४६ र धारा १३३(२) (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ :-

## तथ्य खण्ड

१. विपक्षी मध्येको देवीध्वज कार्की वादी र म निवेदक प्रतिवादी भै मकवानपुर जिल्ला अदालतमा चलेको लेनदेन मुद्दामा मकवानपुर जिल्ला अदालतबाट मिति २०६५/११/०६ मा वादीले सावा ब्याज रु. १७,५५,३६९।२५ भरिपाउने ठहर भई फैसला अन्तिम भएको छ । फैसला कार्यान्वयनमा विपक्षीको निवेदनपरी बिगो बापतमा आमा अम्वीका सुवेदीको नाममा रहेको झापा जिल्ला गौरीगन्ज गा.वि.स

वडा न.८ (ख) को कि.न.९८० ज. वि. १-१०-० लाई जम्मा रु.२,४०,०००।- (दुइलाख चालीस हजार) रुपैया मात्रमा लिलाम गराई लिएको र दोस्रो पटक मिति २०६८/०८/०८ मा मकवानपुर जिल्ला अदालतमा वादीले विगोमा निवेदन दिई पत्नी शान्ता सुवेदी खतिवडाका नाममा रहेको जिल्ला मकवानपुर साविक वसामाडि गा.बि.स बडा नं.१ को कित्ता नं. १५३२ को ज.वि.०-५-० जग्गा लिलाम सकारी विपक्षीले दोस्रोपटक समेत विगो असुल गरिसके पश्चात लिलाम भएको २० दिन पछि पुनः तेस्रोपटक मिति २०७३/०१/०२ मा मकवानपुर जिल्ला अदालतमा नपुग विगो हकमा कैद गराइ पाँउ भनी निवेदनगरेकोमा डोर खटाई २०७३/०५/१७ मा भइ आएको जायदात तायदात मुचुल्कामा सम्वन्धित वडामा मेरो कुनै चलअचल सम्पत्ति नभएको भनी मुचुल्का भइ आएकोले के कती सिधाखर्च लाग्नेहो सो सम्बन्धमा कारागार कार्यालय भिमफेदी मकवानपुरमा पत्रलेखी पठाउनू, सोको बिबरण कारागारबाट आएपछि सो बराबरको रकम वादी पक्षवाट दाखिलगर्न लगाई पेशगर्ने भनी मिति २०७३/११/०६ मा विपक्षी मकवानपुर जिल्ला अदालतबाट आदेश भएको थियो। उक्त बेरीतको आदेश बदरका लागि उच्च अदालत पाटन, हेटौंडा इजलासमा अ.वं. १७ नं निवेदन गरेकोमा, आदेश वेरितको नदेखिदा परिवर्तन गरिरहन परेन, कानून बमोजिम गर्नु भनी उच्च अदालत पाटन, हेटौंडा इजलासवाट मिति २०७३/१२/०३ मा भएको आदेश दन्ड सजाँयको महलको ४२ (२) को स्पष्ट कानुनी व्यवस्था नपुग विगोमा कैद गराउन अघि जायजातवाट भरिपाएको ७ दिनभित्र दरखास्त दिनुपर्ने स्पष्ट कानूनी व्यवस्था विपरीत रहेकोछ। सो आदेशलाई बदर गराउन अन्य बैकल्पिक र प्रभावकारी कानुनी उपचारको बाटो नभएकोले बाध्य भै नेपालको संविधानको धारा १३३(२) समेत बमोजिम यो निवेदन गरेको छु। सोकाम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पाँउ साथै रिट निवेदनको अन्तिम किनारा नभएसम्म उक्त आदेशको कार्यन्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्न भनी सबै विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत बेहोराको अरुण कुमार सुवेदीको यस अदालतमा परेको रिट निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिव आधार, कारण र प्रमाणभए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी मध्येका १ र २ नं. ले महान्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य विपक्षीले आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेशगर्नु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु । साथै अन्तरिम आदेश जारी गरिपाऊँ भन्ने निवेदन मागका सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी हुने नहुने सम्वन्धमा

दुवै पक्षका बीच छलफल गराई आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेशको छलफलका लागि मिति २०७४/०१/०५ गतेको पेशी तोकी उक्त मिति अगावै विपक्षीहरुलाई पेशीको सूचना दिनू। साथै उक्त मितिसम्म मकवानपुर जिल्ला अदालतको मिति २०७३/११/०६ र उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७३/१२/०३ को आदेश कायान्वयन नगर्नु, नगराउनु र यथास्थितिमा राखु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ को उपनियम (१) को (१) बमोजिम विपक्षीहरुका नाममा अल्पकालिन आदेश समेत जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरुलाई दिनू भन्ने मिति २०७३/१२/२४ को यस अदालतको आदेश।

३. मकवानपुर जिल्ला अदालतको मिति २०६५/११/०६का फैसला अनुसार साँवा रु.११,०१,०००।— र लिखत मिति देखि भरिभराउ मिति सम्मको ब्याज समेत भरी पाउने ठहरेकोमा विपक्षीको नाउँमा जेथा रहेको थाहा जानकारी भएको हुदा लेनदेन व्यवहारको १९ नं. बमोजिम कैदमा राखी पाउँ भन्ने समेत व्यहोराको वादीको दरखास्त परी वादीले भरी पाउने विगो मध्ये अम्बिका सुवेदी नाम दर्ताको जि.झापा गौरिगंज गा.वि.स. वडा नं. ८ कि.नं. ९८० को १-१०-० जग्गा रु.२,४०,०००/-मा वादीले डाँक लिलाम सकार गरेको। मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १ कि.नं.१५३२ को ०-५-० जग्गाबाट विपक्षी वादीको बाकी विगो असूल उपर गराई पाँउ भनी शान्ता खतिवडा सुवेदीले झापा जिल्ला अदालतमा निवेदन दिएको तत् पश्चात वादी देवीध्वज कार्कीले विगोमा पुरक दरखास्त पत्र दिएको । उल्लेखित कि.नं. १५३२ को ०-५-० जग्गा रु.८,००,०००/- मा मिति २०७२/१२/१४ मा डाक लिलाम भएको र सो रकम वादीले वुझेको । विगो रु.१७४२९९०/- मध्ये मेरो बाँकी विगो रु.९४२९९०/- समेतको हकमा विपक्षी प्रतिवादीको अन्य जायजेथा केही नभएकोले निजलाई १(एक) वर्ष थुनामा राखी कार्वाही गरी पाँउ भनी द.नं.२५३६ मिति २०७३/०१/०२ मा दर्खास्त पत्र माग बमोजिम प्रतिवादीको नाउँमा चल अचल सम्पत्ति छ/छैन ? जायदात तायदात सहितको मूल्याङ्कन मुचुल्का र सम्बन्धित निकायबाट दर्ता श्रेस्ता समेत बुझी पेश गर्नु भन्ने आदेशानुसार डोर खटी गई मिति २०७३।०५।१७ मा भई आएको जायदात सहितको मुल्याङ्कन मुचुल्कामा निज प्रतिवादीको वतन रहेको सम्बन्धित वडामा कुनै चल अचल सम्पत्ति नभएको भनी मुचुल्का भई आएको देखिंदा सिधा खर्च दाखिला गर्न १(एक) दिनमा के कति सिधा खर्च वापत पाउने हो सो सम्बन्धमा कारागार कार्यालय भीमफेदी मकवानपुरमा पत्र लेखि पठाउनु र उक्त सिधा खर्चको विवरण रकम उल्लेख गरी कारागारबाट आएपछि सो बराबरको रकम वादी पक्षबाट दाखिल गर्न लगाई पेश गर्नु भन्ने मिति २०७३/११/०६ मा कानून वमोजिमको आदेश भएको हो। सो कार्यले निवेदकको संबैधानिक तथा कानूनी हकमा असर पर्ने कुनै काम कार्य यस अदालतबाट नगरिएको हुँदा निवेदकको निवेदन माग बमोजिम उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी हुनुपर्ने

होइन निवेदन मागदावि खारेज गरी पाउँ भनी महान्यायाधिवक्ताको कार्यालय मार्फत यस अदालतमा पेश गरेको मकवानपुर जिल्ला अदालतको लिखित जवाफ।

४. लेनदेन (बिगो) असूल वापत निवेदक/प्रतिवादीलाई सिधा खर्च दाखिला गरी कैदमा राख्न वादीबाट दिएको निवेदनमा कारवाहीको सिलसिलामा आदेश लिंदाका आधार कारण सहितको सम्पूर्ण व्यहोरा मकवानपुर जिल्ला अदालत तथा सम्बन्धित व्यक्तिको तर्फबाट प्रस्तुत हुने लिखित जवाफबाट स्पष्ट लिखित धारणा आउने नै छ। लेनदेनको विगो तिर्नुपर्ने दायित्व भएका यि रिट निवेदक आफ्नो कर्तव्यबाट विमुख भएको अवस्थामा सोको कानून बमोजिमको परिणाम भोग्ने कार्यबाट उम्कन नमिल्ने भएको कारण मकवानपुर जिल्ला अदालतबाट भएको आदेशलाई सदर गर्ने गरी यस अदालतको मिति २०७३/१२/०३ गतेको आदेश मुलुकी ऐन देण्ड सजायको ४२ (२) को कानूनी व्यवस्था विपरीत भएको भन्दै निवेदकले दिएको प्रस्तुत रिट निवेदन यस अदालतका हकमा जारी हुनुपर्ने नदेखिंदा जारी भएको अल्पकालीन आदेश निष्कृय गरी रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको उच्च अदालत पाटन, हेटौंडा इजलासको तर्फबाट यस अदालतमा पेस हुन आएको लिखित जवाफ।

५. अ.वं. १७ नं. को निवेदन विपक्षी स्वयंले दिएको, सुनुवाईको मौका पाई न्यायिक मन प्रयोग भै निरुपण भएको विषयमा मौलिक हक हननको कुनै प्रश्न नै उठाउन मिल्दैन। विपक्षीले सुनुवाईको मौका पाई रिट निवेदनमा उल्लेखित कुराको जिकिर उच्च अदालत पाटन, हेटौडा इजलासमा राखी सकेको हुँदा सोही प्रयोजनका लागि रिट क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन। अपुग विगो तिर्ने मौका पाउँ नभनेको र दायित्व चुक्ता गर्ने कुनै मनसाय नभएकोले, छलकपटपूर्ण रुपले अपुग विगो वापत कैद बस्नबाट उन्मुक्ति पाउने उदेश्यले सम्मानित अदालतमा प्रवेश गरेको हुँदा दण्ड सजायको ४२(२) नं. को रितवेरितको कुरा अ.वं.१७ नं. बमोजिम उच्च अदालतबाट टुङ्गो लाग्ने हाम्रो कानुन प्रणालीको निर्विवाद सामान्य नियम भएकोमा कानुन बमोजिम अन्तिम भएको विषयमा सम्मानित सर्वोच्च अदालतले हस्तक्षेप गर्न मिल्ने होइन । निवेदनको प्रक्रियाबाट तहतह हुँदै उच्च अदालतबाट टुङ्गो लागी सकेको विषयमा सर्वोच्च अदालतको रिट क्षेत्राधिकार आकर्षित नहुने हुंदा यो रिट निवेदन संविधानको धारा १३३(२) को दायराभित्र पर्दैन। रिट निवेदकले धारा १३३(३) अन्तर्गतको आदेश समेत नमागेको हुँदा रिट निवेदन प्राविधिक रुपमै औचित्यहिन छ ।ज्येष्ठ नागरिककालाई अन्यायमा पार्ने सुनियोजित उद्देश्य रहेको र अत्यन्तै लामो अवधिसम्म विभिन्न चरणहरु पार गरी अन्तिम भएको सम्मानीत अदालतको फैसला कार्यान्वयनको विषय भएको हुँदा शुन्य सहनशिलता कायम गरी विपक्षीलाई कानुनको दायरामा ल्याइयोस् भनी सादर निवेदन गर्दछु। रिट निवेदन बदनियतपूर्ण र औचित्यहिन भएको हुँदा खारेज गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७३/११/०६ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३/१२/०३मा

भएको आदेश कार्यान्वयन गरी, कानुन बमोजिमको मेरो हक संरक्षित गरी पाउँ भन्ने समेत बेहोराको देवीध्वज कार्कीले यस अदालतमा पेस गरेको लिखित जवाफ।

६. पक्ष विपक्ष बीचमा मिलापत्र हुन सक्ने भएकोले मेलमिलाप केन्द्रमा पठाई पाउँ भनी दुवै पक्षबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले इजलास समक्ष अनुरोध गर्नु भएको हुँदा मेलमिलाप गर्ने प्रयोजनको लागि १ महिनाको समय दिई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६५ घ बमोजिम प्रस्तुत मुद्दा मेलमिलाप केन्द्रमा पठाई मिलापत्र भए मिलापत्र बमोजिम र मिलापत्र नभए नियमबमोजिम पेशीमा चढाउनू भन्ने यस अदालतवाट मिति २०७४/०५/१६मा भएको आदेश।

७. यस अदालतको आदेश अनुसार मेलमिलाप प्रयोजनकालागि मेलमिलाप केन्द्र सर्वोच्च अदालतमा पठाईएकोमा मेलमिलाप हुनेगरी टुंगो लागेको भनी सर्वोच्च अदालत मेलमिलाप केन्द्रबाट तारेख तोकी आएकोमा पछि मेलमिलाप हुन सकेको देखिएन ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। निवेदक/पक्षका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामकृष्ण काफ्लेले, मुलुकी ऐन दण्ड सजायको महलको ४२ (२) मा नपुग विगोमा कैद गराउन अघि जायजातवाट भरिपाएका ७ दिनभित्र दरखास्त दिनुपर्ने र यस वमोजिम भैसकेपछि पुग्नसकेन भनेपनि पक्रन दावा गर्न र दोहोरो जायजात गराउन समेत नपाइने बरु वहि खाता तमसुक लिखित समेत जो छ फट्टा गराइ दिनु पर्छ भन्ने स्पष्ट व्यवस्था विपरित दोस्रोपटकसमेत जेथापक्री लिलाम गराइ लिइसकेपछि थुनामा राखिपाउ भनी सिधाखर्च जम्मा गरिआउने विपक्षीको गैरकानुनी कार्यलाई सम्मानित मकवानपुर जिल्ला अदालतले समेत मिसिल संलग्न प्रमाणहरु र कानुनलाई अनदेखा गरी मेरो पक्षलाई थुनामा राख्नको लागी विपक्षीसँग निवेदन लिने, सिधा खर्च दाखिला गर्ने सम्वन्धमा कारागार कार्यालय भिमफेदी मकवानपुरमा पत्र लेखिपठाउने, सिधाखर्चको विवरण रकम उल्लेख गरी कारागारबाट आएपछि सो बरावरको रकम वादी पक्षवाट दाखिल गर्न लगाइ पेश गर्नु भन्ने समेतको आदेश र उक्त आदेशलाइ सदर गर्नेगरी भएको उच्च अदालत पाटन, हेटौडा इजलासको मिति २०७३/१२/०३ को आदेश मुलुकी ऐन, दण्ड सजायको ४२ (२) तथा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला नजिर समेतका आधारमा त्रुटीपूर्ण भएकोले उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो।

९. विपक्षको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री अर्जुन प्रसाद कडेल तथा विद्वान अधिवक्ताहरु श्री ओमप्रकाश अर्याल, श्री पुन्देवी महर्जन र श्री शिवहरी तिमिल्सीनाले, रिट निवेदनमा उल्लेखित कुराको जिकिर उच्च अदालतमा राखी सकेको हुँदा सोही प्रयोजनका लागि रिट क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन। अपुग विगो तिर्ने मौका पाउँ नभनेको र दायित्व चुक्ता गर्ने कुनै मनसाय नभएकोले,

छलकपटपूर्ण रुपले अपुग विगो वापत कैद बस्नबाट उन्मुक्ति पाउने उदेश्यले सम्मानित अदालतमा प्रवेश गरेको हो। निवेदनको प्रक्रियाबाट तहतह हुँदै उच्च अदालतबाट टुङ्गो लागी सकेको विषयमा सर्वोच्च अदालतको रिट क्षेत्राधिकार आकर्षित नहुने हुंदा यो रिट निवेदन संविधानको धारा १३३(२) को दायराभित्र पर्दैन। ज्येष्ठ नागरिकलाई अन्यायमा पार्ने सुनियोजित उद्देश्य रहेको र अत्यन्तै लामो अवधिसम्म विभिन्न चरणहरु पार गरी अन्तिम भई फैसला कार्यान्वयनको विषय भएको हुँदा रिट निवेदन बदनियतपूर्ण र औचित्यहिन छ खारेज गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७३/११/०६ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३/१२/०३मा भएको आदेशमा कुनै त्रुटी नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो।

१०. उल्लेखित दुवै पक्षको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस समेत सुनी प्रस्तुत रिट निवेदनमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३/१२/०३ मा भएको आदेश मिले नमिलेको के हो ? निवेदकको निवेदन जिकिर पुग्न सक्छ, सक्तैन ? भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा, दोस्रोपटक समेत विगो असुल गरिसके पश्चात पुनःतेस्रोपटक मिति २०७३/०१/०२ मा मकवानपुर जिल्ला अदालतमा नपुग विगोको हकमा कैद गराइ पाँउ भनी देवीध्वज कार्कीले निवेदन गरेकोमा, डोर खटाई जायदात तायदात मुचुल्कामा मेरो कुनै चलअचल सम्पत्ति नभएको भनी मुचुल्का भइ आएकोले के कती सिधाखर्च लाग्ने हो सो सम्बन्धमा कारागार कार्यालय भिमफेदी मकवानपुरमा पत्रलेखी पठाउनू, सोको बिबरण कारागारबाट आएपछि सो बराबरको रकम वादी पक्षवाट दाखिलागर्न लगाई पेशगर्नु भनी मिति २०७३/११/०६ मा विपक्षी मकवानपुर जिल्ला अदालतबाट आदेश भएको र उक्त आदेश वेरितको नदेखिदा परिवर्तन गरिरहन परेन भनी उच्च अदालत पाटन, हेटौडा इजलासवाट मिति २०७३/१२/०३ मा आदेश भएको देखिन्छ।

१२. दण्ड सजायको ४२(२) नं. मा भएको व्यवस्था अनुसार दोश्रो पटक जायजात गरी सकेपछि कैद गराउन ७ दिन भित्र दर्खास्त दिनुपर्नेमा हदम्याद नाघि कैदमा राख्न निवेदन दिएको त्रुटी पूर्ण हुँदा जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३/१२/०३ मा भएको आदेश त्रुटी पूर्ण हुँदा उत्प्रेषणको आदेशबाट वदर गरी पाउँ भन्ने निवेदन दावी रहेको पाइयो।

१३. विपक्षीहरुको लिखित जवाफ हेर्दा, बाँकी विगो रु.९,४२,९९०/- समेतको हकमा विपक्षी प्रतिवादीको अन्य जायजेथा केही नभएकोले निजलाई १(एक) वर्ष थुनामा राखी कार्वाही गरी पाँउ भनी द.नं.२५३६ मिति २०७३/०१/०२ मा दर्खास्त पत्र माग बमोजिम प्रतिवादीको वतन रहेको सम्बन्धित वडामा कुनै चल अचल सम्पत्ति नभएको भनी मुचुल्का भई आएको देखिंदा सिधा खर्च दाखिला गर्न १(एक)

दिनमा के कति सिधा खर्च वापत पाउने हो सो सम्बन्धमा कारागार कार्यालय भीमफेदी मकवानपुरमा पत्र लेखि पठाउनु र उक्त सिधा खर्चको विवरण रकम उल्लेख गरी कारागारबाट आएपछि सो बराबरको रकम वादी पक्षबाट दाखिल गर्न लगाई पेश गर्नु भनी मिति २०७३/११/०६ मा कानून वमोजिमको आदेश भएको हो भन्ने मकवानपुर जिल्ला अदालतको लिखित जवाफ ब्यहोरा रहेको र लेनदेनको विगो तिर्नुपर्ने दायित्व भएका यि रिट निवेदक आफ्नो कर्तव्यबाट विमुख भएको अवस्थामा सोको कानून बमोजिमको परिणाम भोग्ने कार्यबाट उम्कन नमिल्ने भएको कारण मकवानपुर जिल्ला अदालतबाट भएको आदेशलाई सदर गर्ने गरी यस अदालतको मिति २०७३/१२/०३ गते भएको आदेश मुलुकी ऐन, दण्ड सजायको ४२ (२) नं. को कानूनी व्यवस्था विपरीत नभएकोले रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत बेहोराको उच्च अदालत पाटन, हेटौंडा इजलासको लिखित जवाफ रहेको देखिन्छ।

१४. यसै गरी, रिट निवेदन बदनियतपूर्ण र औचित्यहिन भएको हुँदा खारेज गरी कानुन बमोजिमको मेरो हक संरक्षित गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी देवीध्वज कार्कीको लिखित जवाफ रहेको देखिन्छ।

१५. मिसिल अध्ययन गर्दा, वादी देवीध्वज कार्की र प्रतिवादी अरुणकुमार सुवेदी भएको लेनदेन मुद्दामा मकवानपुर जिल्ला अदालतबाट मिति २०६५/११/०६मा वादीले साँवा ब्याज रु.१७,५५,३६९।२५ पाउने ठहरी फैसला भएको र सो फैसला उपर प्रतिवादीको पुनरावेदन नपरी उक्त फैसला अन्तिम भएको तथ्यमा विवाद देखिदैन।

१६. फैसला कार्यान्वयनको लागि वादीको २०६६/१२/२६ मा निवेदन परी कारवाही प्रकृया सुरु भै विगो वापतमा अम्बिका सुवेदीका नाउँमा दर्ता रहेको झापा गौरिगन्ज-८ कि.नं. ९८० को ज.वि.१-१०-० जग्गा मिति २०६८/०५/२५ मा रु.२,४०,०००/- मोल कायम भएको कसैले पनि लिलाम सकार नगरेको र मिति २०६८/०७/०६ मा दोश्रो पटक वादीले लिलाम सकारेको देखिन्छ। बाँकी विगोको हकमा कारवाही हुँदा शान्ता सुवेदी खतिवडाका नाउँको जिल्ला मकवानपुर वसामाडी-१ कि.नं. १५३२ क्षे.फ.०-५-० जग्गाको मुल्य रु.८,००,०००/-(आठ लाख रुपैंया) मा मिति २०७२/१२/१४ मा लिलाम भै तिलक चन्द्र उपाध्याय सुवेदीले सकारगरी रकम धरौटीमा रहेकोमा देवी ध्वजले मिति २०७२/१२/२५ मा दोस्रो पटक लिलामबाट दाखिल भएको रकम फिर्ता पाउँ भनी अदालतमा निवेदन दिएको पाइन्छ र मिति २०७२/१२/२८ मा धरौटीबाट रु.८,००,०००/- आठ लाख) रुपैंया रकम बुझेको भन्ने देखिन्छ।

१७. मकवानपुर जिल्ला अदालतबाट पहिलो पटकको लिलामबाट रु.२,४०,०००/- र दोस्रो मिति ०७२/१२/१४ मा लिलाम भएको सम्पत्तिबाट रु.८,००,०००/-समेत जम्मा रु.१०,४०,०००/- असुल भएको र वादीको असुल हुनुपर्ने विगो नपुगेको भन्ने मिसिल सम्लग्न तथ्यवाट देखिन्छ।

तत्पश्चात पनि असुल हुनुपर्ने रकम नपुगेकोले प्रतिवादीलाई थुनामा राखी पाउँ भनी मिति २०७३/०१/०२ मा वादीले निवेदन दिएको पाईन्छ। सो निवेदनका सिलसिलामा जिल्ला अदालतबाट कारवाही प्रक्रिया प्रारम्भ गरी मिति २०७३/०५/१७ मा जायजात दायदात मुचुल्काबाट प्रतिवादीको कुनै सम्पत्ति नदेखिएको भनी खुलिआएकोले सिधा खर्च दाखिल गर्न १ दिनमा के कति खर्च लाग्छ भनी कारागार शाखामा बुझी सोही बराबरको रकम वादी पक्षबाट दाखिल गर्ने गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७३/११/०६ मा आदेश भएको र सो आदेश उपर यीनै निवेदकको निवेदन परी उच्च अदालत पाटन, हेटौडा इजलासबाट मिति २०७३/१२/०३ मा सुरुको आदेश सदर भएको देखिन्छ। यसरी विपक्षी देवी ध्वज कार्कीले दिएको निवेदन अनुसार प्रमाण बुझ्ने प्रक्रिया प्रारम्भ गरेको देखियो। साविक मुलुकी ऐन, दण्ड सजायको ४२ नं. ले विगो भरी पाउने सम्बन्धी व्यवस्था गरेको छ जस अनुसारः- दण्ड सजाँयको महलको ४२(१) नं. मा विगो भरिपाउने गरी आखिरी फैसला भएको मितिले तीन वर्षभित्र दरखास्त दिनु पर्छ। दरखास्त परे पछी पैतिस दिन भित्र भर्नु पर्ने विगो दाखिल गर्न ल्याउनु नल्याए ऐन बमोजिम जायजात हुन्छ भनी म्याद जारी गर्नु पर्दछ र सो म्यादभित्र विगो दाखिल गर्न नल्याए ऐन बमोजिम जायजात गरी भराई दिनु पर्छ भन्ने ब्यवस्था रहेको छ। सोही महलको ४२ (२) नं. मा माथि १ दफा बमोजिम जायजातबाट पूरा विगो पुगेन भने नपुग जतिमा लेनदेन ब्यवहारको महलको १९ नम्बर बमोजिम कैद गराउन पाउनेमा कैद गराई पाउँ भनी कैदमा बसुन्ज्याल खानलाई कैदी थुनुवाले पाउने सरहको सिधा खर्च समेत दाखिला गरी अघि जायजातबाट भरी पाएका सात दिनभित्र दरखास्त दिनु पर्छ। त्यस्तो दरखास्त पर्न आयो भने हाकिमले त्यस कुराको पर्चा खडा गरी कैद गरिदिनु पर्छ भन्ने कानुनी व्यवस्था रहेको पाईन्छ।

१८. यसरी विगो भराउने क्रममा ऋणिले तिर्नुपर्ने रकम हर सम्भव फैसला बमोजिम असुल उपर गरी दिनुपर्ने प्रयत्न गरीनु पर्ने भन्ने मुलुकी ऐन, दण्ड सजायको ४२ नं. को व्यवस्थाबाट देखिन्छ। सो ४२ नं. मा सम्पत्ति देखाउनुपर्ने दायित्व साहु वादीको हुने भएतापनि सामान्यतया ऋणीको नाउँमा कहाँ कहाँ सम्पत्ति छन् भनी थाहा जानकारी हुन कठिन हुनेहुन्छ।

१९. प्रस्तुत विवादमा ऋणीको सम्पत्ति विभिन्न ठाउँहरुमा रहन जाने हुँदा सम्पत्तिबाट नै विगो भराई दिनुपर्ने ४२(१) को प्रारम्भिक व्यवस्था हो। बाँकी नपुग विगोको लागि निवेदकको सम्पत्ति र अदालतबाट खोजबिन गरीदा पनि हालसम्म देखिन नआएको स्थितिलाई हेरी फैसला कार्यान्वयनको सिलसिलामा जिल्ला अदालतबाट कैदमा राख्न पर्दा कति खर्च लाग्ने हो सम्बन्धित कारागार बुझ्ने गरी आदेश भएको पाइन्छ। यसरी लेनदेन मुद्दाबाट विगो भराई पाउने ठहरी फैसला भएकोमा सो ऋण लिने निवेदकले फैसला कार्यान्वयन हुँदा कानून बमोजिम हुने दायित्व निर्वाह गर्नै पर्ने हुन्छ। फैसला बमोजिम साहुको विगो तिर्न पर्ने कानूनी कर्तव्य ऋणीमा रहने हुन्छ। २०६५ सालमा भएको लेनदेन

मुद्दाको विगो हालसम्म पनि पुर्ण रुपमा असुल हुन नसकेको भन्ने तथ्य रहेको छ। फैसला गरेर मात्र होइन फैसला कार्यान्वयन गर्नु पनि अदालतको अनिवार्य दायित्व रहन्छ। लामो अवधिसम्म साहुको ऋण नतिर्ने नियतबाट विभिन्न बहाना बनाई कानूनको छिद्र खोजी फैसला कार्यान्वयनको कार्यमा बाधा अड्चन देखाई रहनु उपयुक्त र मनासिब हुदैन। दोश्रो पटक लिलाम हुँदा पनि विगो नपुगेपछि सो लिलामबाट आएको विगो प्राप्त गरेको मितिबाट निवेदकलाई बाँकी विगोमा थुनामा राखी पाउँ भनी प्रस्तुत निवेदन पनि ७ दिन भित्र परेको देखिंदा मकवानपुर जिल्ला अदालतबाट मिति २०७३/११/०६ र उच्च अदालत पाटन, हेटौंडा इजलासबाट सो आदेशलाई सदर हुने गरी मिति २०७३/१२/०३ भएको आदेशमा कुनै कानूनी त्रुटी देखिन नआएको हुदाँ उक्त आदेशहरु उत्प्रेषणको आदेशले बदर गर्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७३/१२/२४ मा भएको अन्तरिम आदेश स्वतः निस्कृय हुन्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी, आदेशको विधुतिय प्रति विधुतिय प्रणालिमा अपलोड गर्नु, शुरु रेकर्ड मिसिल सम्वन्धित निकायमा पठाई दिनु साथै प्रस्तुत मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु।

**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**न्यायाधीश**

इजलास अधिकृतः- दिब्यराज घिमिरे

कम्प्युटरः देबिमाया खतिवडा(देबिना)

इति संवत् २०७७ साल फागुन महिना २१ गते रोज ६ शुभम् ..................................।